प्रदेश सरकार
सुदूरपश्चिम प्रदेश
आर्थिक मामिला मन्त्रालय
धनगढी, कैलाली, नेपाल

सम्पर्क फोन नं. : ०९१-५२०१०७
: ०९१-५२५२४५
website : moeap.p7.gov.np
email: moeap7@gmail.com

पत्र संख्या : २०७८/७९
चलानी नं.: १

मितिः २०७८/०४/०१

**विषयः आर्थिक वर्ष २०७८/७९ को बजेट कार्यान्वयन सम्बन्धी मार्गदर्शन।**

प्रिय सहकारीज्यू,

सुदूरपश्चिम प्रदेश विनियोजन ऐन, २०७८ प्रदेश सभाबाट पारित भई सम्वत् २०७८ साल आषाढ २८ गते माननीय प्रदेश प्रमुखज्यूबाट प्रमाणिकरण भई सकेको व्यहोरा यहाँलाई अवगत नै छ । उक्त ऐन अनुसार आर्थिक वर्ष २०७८/७९ का लागि सहकारीज्यू अन्तर्गत निकायहरुका लागि छुट्याइएको रकमको प्रचलित कानून बमोजिम खर्च गर्ने/गराउने, लेखा राख्ने, प्रतिवेदन गर्ने र लेखा परीक्षण गर्ने/गराउने समेतको जिम्मेवारी तहाँबाट हुने विश्वास लिएको छु । कोभिड १९ को संक्रमण रोकथाम, नियन्त्रण र उपचारका लागि चालिएका कदमहरुबाट आर्थिक क्रियाकलापमा संकुचन आएका कारण स्रोत परिचालनमा चुनौती सिर्जना भएको र स्वास्थ्य क्षेत्रमा प्राथमिकताका साथ बजेट व्यवस्थापन गर्नु परेकोले खर्चमा थप मितव्ययिता, प्रभावकारिता र दक्षता कायम गर्नु हुनेछ । समग्र वित्त अनुशासन कायम गर्ने उद्देश्य प्राप्तिको लागि बजेट निकासा, खर्च र नियन्त्रण लगायत वित्तीय उत्तरदायित्व कायम गर्न प्रदेश विनियोजन ऐन, २०७८ कार्यान्वयनको सन्दर्भमा थप स्पष्टता सहित सोही ऐनको दफा ९ बमोजिम बजेट कार्यान्वयनका सम्बन्धमा देहायको मार्गदर्शन यहाँको जानकारीको लागि प्रेषित गरेको छु। महालेखा परिक्षकको पछिल्ला प्रतिवेदनहरुमा उल्लिखित विवरण र बेरुजुका दृष्टान्तहरुले आर्थिक अनुशासन पालनामा सबै निकायहरु गम्भिर हुनुपर्ने देखिएको व्यहोरा पनि यहाँ उल्लेख गर्न सान्दर्भिक ठान्दछु ।

बजेट कार्यान्वयनका प्रारम्भिक चरणमा गर्नुपर्ने ऐन, नियम, कार्यविधि, निर्देशिका र मापदण्ड आदिको तर्जुमा गरी टेण्डर आह्वान/संशोधन/परिमार्जन आदि लगायत कागजातहरुको तयारी गर्ने कार्य आर्थिक वर्ष २०७८/७९ को प्रथम चौमासिक अवधिभित्रै सम्पन्न हुनेछन् भन्ने कुरामा समेत म विश्वस्त छु।

**(क) अख्तियारी, कार्यक्रम स्वीकृति तथा बजेट बाँडफाँट :**

१. प्रदेश मन्त्रालयगत बजेट सूचना प्रणाली (Province Line Ministry Budgetary Information System) बाट प्राप्त हुने कार्यक्रमलाई नै स्वीकृत कार्यक्रम र खर्च गर्ने अख्तियारी मानी प्रदेश लेखा नियन्त्रक कार्यालय र सम्बन्धित प्रदेश लेखा इकाई कार्यालयहरुले कार्यान्वयन इकाईलाई बजेट निकासा गर्नेछन्।

२. कुनै निकायलाई एक भन्दा बढी निकायबाट खर्च गर्ने गरी रकम विनियोजन भएकोमा विनियोजन भएको निकायको प्रमुखले सम्वत् २०७८ साल असोज मसान्तभित्र विनियोजन भएको सम्पूर्ण रकम खर्च गर्ने निकायहरुलाई बाँडफाँट गरी त्यसको जानकारी आर्थिक मामिला मन्त्रालय र प्रदेश लेखा नियन्त्रक कार्यालय वा सम्बन्धित प्रदेश लेखा इकाईलाई दिनुपर्नेछ। तर कुनै मनासिव कारणले सम्वत् २०७८ साल असोजभित्र विनियोजन भएको बजेट सम्बधित निकायको प्रमुखले बाँडफाँट गर्न नसकेमा सोको कारण खुलाई सम्वत् २०७८ साल कार्तिक मसान्त भित्र बाँडफाँटको लागि अनुरोध गरेमा आर्थिक मामिला मन्त्रालयले सम्वत् २०७८ साल पौष मसान्तभित्र बाँडफाँट गर्न सक्नेछ।

३. तहाँको विनियोजित शीर्षकमा एकमुष्ठ विनियोजन भएको रकमको हकमा आर्थिक मामिला मन्त्रालयको पूर्व सहमति लिई कार्यक्रम एवम् बजेट बाँडफाँट गरी सम्वत् २०७८ साल असोज मसान्तभित्र खर्च गर्ने

सम्पर्क फोन नं. : ०९१-५२०१०७
: ०९१-५२५२४५
website : moeap.p7.gov.np
email: moeap7@gmail.com

पत्र संख्या : २०७८/७९
चलानी नं.: १

निकायमा पठाउनु हुनेछ। भैपरी आउने चालु र पूँजीगत शीर्षक तर्फको रकमका हकमा कार्यक्रम एवम् बजेट बाँडफाँटको स्वीकृति अनिवार्य रुपमा आर्थिक मामिला मन्त्रालयबाट लिनु हुनेछ।

४. प्रदेश मन्त्रालयगत बजेट सूचना प्रणाली (Province Line Ministry Budgetary Information System) मा समावेश भएको कार्यक्रममा उल्लिखित क्रियाकलापहरुको वार्षिक लक्ष्य नघट्ने गरी र स्रोत फरक नपर्ने गरी सम्बन्धित निकायको लेखा उत्तरदायी अधिकृतले आर्थिक मामिला मन्त्रालयबाट स्वीकृत गराई PLMBIS प्रविष्टि गराउनु हुनेछ ।

५. प्रदेश मन्त्रालयगत बजेट सूचना प्रणालीमा समावेश भएको कार्यक्रमको चौमासिक विभाजन संशोधन गर्नुपर्ने भएमा सम्बन्धित निकायको एक तह माथिको प्रमुखको स्वीकृतिमा गर्नुहुनेछ। तर राजपत्राङ्कित प्रथम श्रेणीको कार्यालय प्रमुख भएको निकायको हकमा तहाँबाटै संशोधन गर्न सक्नु हुनेछ ।

६. प्रदेश मन्त्रालयगत बजेट सूचना प्रणालीका कार्यक्रममा दोहोरो परेको, ठेगाना फरक परेको वा यससँग सम्बन्धित कुनै विषय संशोधन गर्नुपरेमा प्रचलित कानूनको अधीनमा रही पुष्ट्याई गर्ने आधार सहित संशोधन गर्ने जिम्मेवारी सम्बन्धित मन्त्रालयको सिफारिसमा आर्थिक मामिला मन्त्रालयको हुनेछ। सम्बन्धित पालिका वा सम्बन्धित कार्यालय वा सम्वन्धित निर्वाचन क्षेत्रको प्रदेश सभाका सदस्यको सिफारिस समेतको आधारमा क्षेत्रगत मन्त्रालय मार्फत सिफारिस भई आएका कार्यक्रम आर्थिक मामिला मन्त्रालयको पूर्व स्वीकृतिमा संशोधन हुने नै छ।

७. प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भएतापनि विनियोजन ऐन, २०७८ बमोजिम विनियोजन भएको रकम प्रचलित कानूनको अधीनमा रही खर्च गर्ने अख्तियारी उक्त ऐनको दफा ८ को उपदफा (१) बमोजिम सो ऐन प्रारम्भ भएको दिनदेखि अधिकार प्राप्त अधिकारीलाई स्वतः हुने व्यवस्था जानकारी गराउँदछु।

८. तहाँ मन्त्रालय/आयोग/सचिवालय मातहतका निकायहरुको बजेट कार्यान्वयन गर्ने मार्गदर्शन तयार गरी विनियोजन ऐन, २०७८ प्रारम्भ भएको मितिले १५ दिन भित्र पठाउनु हुनेछ।

९. वित्तीय समानीकरण अनुदानबाट खर्च भएको रकमको विवरण प्रदेश लेखा नियन्त्रक कार्यालय तथा सम्बन्धित प्रदेश लेखा इकाई कार्यालयमा कार्तिक १ गते, माघ १ गते, बैशाख १ गते र श्रावण ७ सम्म पठाउनु हुनेछ।

१०. प्रदेश सरकारबाट हस्तान्तरण हुने सशर्त अनुदानको रकम जुन योजना वा कार्यक्रमको लागि प्राप्त भएको हो सोही योजना वा कार्यक्रमको लागि प्रचलित कानून र स्वीकृत मापदण्ड बमोजिम मात्र खर्च गर्नु/गराउनु हुनेछ। स्वीकृत मापदण्ड, कार्यविधि विपरित खर्च भएको सम्बन्धमा निकाय नै पूर्णतः जिम्मेवार हुनुपर्ने व्यहोरा स्मरण गराउन चाहन्छु ।

११. प्रदेश सरकारबाट हस्तान्तरण हुने सशर्त अनुदान तर्फ कार्यक्रम संशोधन गर्नुपर्दा तलब भत्ता बाहेकको रकममा मात्र उद्देश्यमा फरक नपर्ने गरी कार्यक्रम संशोधन गर्नुपरेमा आर्थिक मामिला मन्त्रालयमा पेश गर्नु हुनेछ ।

१२. स्रोतको सुनिश्चितता नभई स्वीकृत वार्षिक कार्यक्रममा उल्लिखित भएको रकम भन्दा बढी खर्च गर्नुपर्ने अवस्थामा शुरु गरिएका खरिद प्रक्रिया वा अन्य कारणबाट सिर्जना हुने दायित्वका लागि यस मन्त्रालयबाट कुनै प्रकारको थप बजेट निकासा गरिने छैन।

प्रदेश सरकार
सुदूरपश्चिम प्रदेश
आर्थिक मामिला मन्त्रालय
धनगढी, कैलाली, नेपाल

सम्पर्क फोन नं. : ०९१-५२०१०७
: ०९१-५२५२४५
website : moeap.p7.gov.np
email: moeap7@gmail.com

पत्र संख्या : २०७८/७९
चलानी नं.: १

१३. प्राकृतिक प्रकोप, विपत्ति र विशेष अवस्थामा सिर्जना हुने थप दायित्वको हकमा यस मन्त्रालयबाट भएको निर्णय बमोजिम हुनेछ र थप निकासा/रकमान्तर मागलाई यस मन्त्रालयबाट सम्बोधन नगरिने हुँदा विनियोजित बजेटको सीमाभित्र रही चालु खर्चतर्फको खर्च व्यवस्थापन गर्न र विकास कार्यक्रमतर्फ पनि बजेट सीमाभित्रै रही कार्यक्रम कार्यान्वयन गर्नु गराउनु हुनेछ।

१४. तहाँ मन्त्रालयको/निकायको स्वीकृत कार्यक्रमहरुमा विनियोजित रकम खर्च नगरी नयाँ कार्यक्रमका लागि थप निकासा माग गर्नु हुनेछैन।

१५. आयोजनाको लागत अनुमान र परामर्श सेवाभित्र सवारी साधन खरिद र वैदेशिक भ्रमण समावेश गर्नुहुने छैन साथै वैदेशिक भ्रमण संघीय सरकारबाट अनुमति लिई आर्थिक मामिला मन्त्रालयको सहमतिमा प्रदेश मन्त्रिपरिषद्को निर्णय अनुसार गर्नुहुनेछ।

१६. कुनै कार्यक्रम दोहोरिन गएमा एउटा कार्यक्रम मात्र कार्यान्वयन गरी सोको जानकारी अनिवार्य रुपमा २०७८ श्रावण मसान्त भित्र आर्थिक मामिला मन्त्रालयमा दिनु हुनेछ।

१७. स्वीकृत कार्यक्रम भित्रको सवारीसाधन खरिद गर्दा यस मन्त्रालयको पूर्व स्वीकृति लिनु हुनेछ।

**(ख) बजेट निकासा तथा बजेट कार्यान्वयन व्यवस्थाः**

१८. बजेटमा परेका आयोजनाको तयारीका चरणहरु पुरा गरी आयोजना/कार्यक्रमको चौमासिक विभाजन सहितको वार्षिक खरिद योजना, विस्तृत डिजाइन र लागत अनुमान तयार गरी सम्वत् २०७८ साल श्रावण मसान्त भित्र स्वीकृत गरी बोलपत्र आव्हान समेत गरिसक्नु हुनेछ । सम्वत् २०७८ साल असोज मसान्त भित्र बोलपत्र मूल्याङ्कन गरी ठेक्का सम्झौता गर्नु हुनेछ । ठेक्का सम्झौता भएको १५ दिनभित्र कार्य शुरु गर्नेगरी कार्यदिश दिने व्यवस्था मिलाउनु हुनेछ ।

१९. तोकिएको लागत, गुणस्तर र समयसीमाभित्र सम्पन्न गर्ने निर्माण व्यवसायीलाई वित्तीय तथा गैर वित्तीय प्रोत्साहन उपलब्ध गराउने व्यवस्था मिलाउनु हुनेछ । तोकिएको गुणस्तर कायम नगर्ने र समयभित्र कार्य शुरु नगर्ने, कार्य सम्पन्न नगर्ने र कार्ययोजना अनुरुप काम नगर्ने निर्माण व्यवसायीलाई कानून बमोजिम कार्यवाही गरी निर्माण व्यवसायीसँगको ठेक्का सम्झौता रद्द गर्ने व्यवस्था मिलाउनु हुनेछ ।

२०. निर्माण व्यवसायीले ठेक्का सम्झौता गरेपछि सम्झौता बमोजिमका सबै वा केही कार्यहरुका लागि सहायक ठेक्का सम्झौता गर्ने भएमा अनिवार्य रुपमा सम्बन्धित आयोजना प्रमुखको लिखित पूर्व स्वीकृति लिनु हुनेछ। अति आवश्यक कार्यका लागि बाहेक एक तहभन्दा बढी तहमा ठेक्का सम्झौता गर्न नपाइने व्यवस्था गर्नु हुनेछ। राष्ट्रिय सतर्कता केन्द्रबाट आयोजनाको निर्माण गुणस्तरको प्राविधिक परिक्षण गराउनु हुनेछ। निर्धारित समय र लागतमा काम सम्पन्न गर्न र गुणस्तर कायम गर्न आयोजना प्रमुख तथा निर्माण व्यवसायीलाई परिणाम (Outcome) प्रति जवाफदेही हुने प्रणालीको विकास गर्नु/गराउनु हुनेछ ।

२१. कार्यक्रम आयोजना कार्यान्वयनका लागि आवश्यक पर्ने कार्यविधि तथा निर्देशिकाहरु तर्जुमा तथा संशोधनको कार्य सम्वत् २०७८ साल श्रावण मसान्तभित्र र नियमावलीहरु, कार्यविधि तथा निर्देशिकाहरु तर्जुमा तथा संशोधनको कार्य सम्वत् २०७८ साल भाद्र १५ गतेभित्र सम्पन्न गर्नु हुनेछ। कार्यक्रम/आयोजनाहरु सम्पन्न गर्ने अवधिभरका लागि स्पष्ट जनशक्ति योजना सहित आवश्यक अस्थायी दरबन्दीहरु सम्वत् २०७८ साल श्रावण मसान्तभित्र स्वीकृत गराई सक्नु पर्नेछ।

लेखा सचिव

प्रदेश सरकार
सुदूरपश्चिम प्रदेश
# आर्थिक मामिला मन्त्रालय
धनगढी, कैलाली, नेपाल

सम्पर्क फोन नं. : ०९१-५२०१०७
: ०९१-५२५२४५
website : moeap.p7.gov.np
email: moeap7@gmail.com

पत्र संख्या : २०७८/७९
चलानी नं.: १

२२. आयोजना प्रमुख लगायत अन्य कर्मचारीहरुलाई स्पष्ट कार्य विवरण, मुख्य कार्यसम्पादन सूचकहरु, आवश्यक अधिकार एवम् जिम्मेवारी र उत्तरदायित्व सहित आयोजनामा खटाउनु हुनेछ । यसरी कर्मचारी खटाउँदा कर्मचारीको योग्यता, क्षमता, अनुभव र आयोजना कार्यान्वयनमा विगतमा हासिल गरेको सफलताको अभिलेखलाई आधार बनाउनु हुनेछ । यसैगरी आयोजनामा खटिने कर्मचारीलाई आयोजनाको प्राविधिक पक्ष, कार्यान्वयन विधि, अपेक्षित प्रतिफल र उपलब्धि, अन्तरनिकाय समन्वय लगायतका विषयहरुमा शुरुमै अभिमुखिकरण तालिम प्रदान गर्नु हुनेछ ।

२३. कार्यक्रम तथा आयोजना कार्यान्वयनका लागि मन्त्रालय/निकायले विभागिय प्रमुख र आयोजना प्रमुखसँग गरिएको कार्यसम्पादन सम्झौता अनुरुपका क्रियाकलापलाई निश्चित भार दिई वस्तुनिष्ठ आधारमा कार्यसम्पादनस्तर मापन गरी पुरस्कार र सजायको व्यवस्था मिलाउनु पर्नेछ ।

२४. आयोजना/कार्यान्वयनको भौतिक प्रगतिका आधारमा मात्र भुक्तानी दिने व्यवस्था मिलाइएको छ तर पहिलो चौमासिक निकासा/भुक्तानीको लागि भौतिक प्रगति आवश्यक पर्ने छैन । दोश्रो र तेश्रो चौमासिक निकासा/भुक्तानीका लागि सो अवधिसम्मको भौतिक प्रगति न्यूनतम् ५० प्रतिशत हुनु पर्नेछ ।

२५. सुदूरपश्चिम प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७४ (संशोधन सहित) को दफा ३० मा भएको व्यवस्था अनुसार तहाँबाट आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागु गर्नु हुनेछ। बजेट कार्यान्वयनमा सम्बन्धित मन्त्रालयको लेखा उत्तरदायी अधिकृत समग्र रुपमा जिम्मेवार हुनु हुनेछ।

२६. पूँजीगत परामर्शबाट सम्पादित क्रियाकलापको अध्ययन प्रतिवेदन चौमासिक रुपमा अवधि समाप्त भएको १५ दिनभित्र यस मन्त्रालयमा अनिवार्य रुपमा उपलब्ध गराउनु हुनेछ र सोको विवरण सार्वजनिक गर्ने व्यवस्था मिलाउनु हुनेछ ।

२७. मन्त्रालय तथा मातहतको निकायबाट वितरण गरेको अनुदान र लाभग्राहीको विवरण चौमासिक रुपमा अवधि समाप्त भएको १५ दिनभित्र अनिवार्य रुपमा यस मन्त्रालयमा उपलब्ध गराउनु हुनेछ र सोको विवरण सार्वजनिक गर्ने व्यवस्था मिलाउनु हुनेछ ।

२८. प्रदेश सरकारबाट हुने सबै भुक्तानीहरु सम्बन्धित व्यक्ति/संस्थाको बैंक खातामा जम्मा हुने गरी सिग्यास (Computerized Government Accounting System- CGAS) मार्फत भुक्तानी, निकासा र खर्च लेखाङ्कन हुने व्यवस्था मिलाउनु हुनेछ।

२९. विषयगत मन्त्रालयमा विनियोजन भएको रकम खर्च गर्ने क्रममा थप आर्थिक दायित्व सिर्जना नहुने योजना तथा कार्यक्रमको सम्बन्धमा कार्यविधि, निर्देशिका वा मापदण्ड निर्माण गर्दा सम्बन्धित मन्त्रालयले प्रचलित कानूनको अधीनमा रही त्यस्तो कार्यविधि वा मापदण्ड स्वीकृत गरी विनियोजन ऐन, २०७८ को दफा ९ बमोजिम कार्यान्वयन गर्नु हुनेछ ।

**(ग) योजना वा कार्यक्रम हस्तान्तरण र कार्यान्वयन सम्बन्धमा:**

३०. प्रदेश विनियोजन ऐन, २०७८ बमोजिम प्रदेश सरकारको कुनै निकायबाट कार्यान्वयन हुने गरी विनियोजन भएको कुनै योजना वा कार्यक्रम स्थानीय तह मार्फत कार्यान्वयन गर्न उपयुक्त देखिएमा प्रदेश सरकार (मन्त्रिपरिषद्) को निर्णयबाट त्यस्तो योजना वा कार्यक्रम सशर्त अनुदानको रुपमा स्थानीय तहमा पहिलो चौमासिक भित्रै हस्तान्तरणको व्यवस्था मिलाउनु हुनेछ।

सचिव

सम्पर्क फोन नं. : ०९१-५२०१०७
: ०९१-५२५२४५
website : moeap.p7.gov.np
email: moeap7@gmail.com

पत्र संख्या : २०७८/७९
चलानी नं.: १

३१. प्रदेश सरकारले स्वीकृत गरेको योजना वा कार्यक्रम नेपाल सरकारको कुनै निकायबाट कार्यान्वयन गर्नुपरेमा आर्थिक मामिला मन्त्रालयको पूर्व सहमति लिई नेपाल सरकारको सम्बन्धित विषयगत मन्त्रालयको स्वीकृतिमा त्यस्तो कार्यक्रम वा योजना संचालन गर्ने व्यवस्था मिलाउनु हुनेछ।

३२. स्थानीय तहमा हस्तान्तरण भएको वा स्थानीय तहले स्वीकृत गरेको पूँजीगततर्फको कुनै योजना वा कार्यक्रम प्रदेश सरकारको सम्बन्धित कार्यालय मार्फत कार्यान्वयन गर्न आवश्यक देखिएमा स्थानीय तहले प्रदेश सरकारको विषयगत मन्त्रालयको सिफारिसमा आर्थिक मामिला मन्त्रालयको स्वीकृति लिई त्यस्तो योजना वा कार्यक्रम कार्यान्वयन गर्ने व्यवस्था मिलाउनु हुनेछ।

३३. विनियोजन ऐन, २०७८ बमोजिम संघ, प्रदेश र स्थानीय तह मध्ये कुनै एक तहको बजेट तथा कार्यक्रममा समावेश भएको योजना वा कार्यक्रम अर्को तहको कुनै निकायले कार्यान्वयन गर्नुपर्ने अवस्थामा सो कार्यान्वयन गर्ने निकायले रकम विनियोजन भएको तहको खर्च इकाईको रुपमा निकासा लिई लेखा राख्ने र आन्तरिक र अन्तिम लेखापरीक्षण गर्ने गराउने व्यवस्था मिलाउनुहुनेछ।

३४. प्रदेश सरकारबाट स्थानीय तहमा हस्तान्तरण भएका समपूरक तथा विशेष अनुदान मार्फत कार्यान्वयन हुने स्वीकृत कार्यक्रमहरुको प्रगति विवरण वा कार्य सम्पन्न प्रतिवेदन पेश नगरी सो कार्यक्रमका लागि विनियोजित रकमको अन्तिम किस्ता भुक्तानी नगर्ने व्यवस्था प्रदेश लेखा नियन्त्रक कार्यालयले मिलाउने छ ।

**(घ) बजेट खर्च, रकमान्तर तथा प्रतिवेदनः**

३५. पूँजीगत खर्च तथा वित्तीय व्यवस्थातर्फ विनियोजित रकम चालु खर्चमा र पूँजिगत अनुदानमा विनियोजित रकम चालु अनुदानमा रकमान्तर गर्न पाईने छैन।

३६. स्वीकृत रकम एक बजेट उपशीर्षकबाट अर्को उपशीर्षक वा एक खर्च शीर्षकबाट अर्को खर्च शीर्षकमा रकमान्तर गर्नुपरेमा घटाउने बजेट उपशीर्षक वा खर्च शीर्षकमा प्रदेश मन्त्रालयगत बजेट सूचना प्रणाली (PLMBIS) मा नै रोक्का राखी प्रदेश लेखा नियन्त्रक कार्यालय वा प्रदेश लेखा इकाई कार्यालयको रोक्का पत्र सहितको आधारमा रकमान्तर माग गर्नु गराउनु हुनेछ।

३७. तलब, भत्ता, पोशाक, खाद्यान्न, पानी तथा बिजुली, संचार महसुल र घर भाडा जस्ता अनिवार्य दायित्वमा आगामी वर्षहरूको लागि दायित्व नसर्ने गरी खर्च व्यवस्थापन गर्नुहुनेछ। यी खर्च शीर्षकहरूबाट यस मन्त्रालयको स्वीकृति नलिई अन्यत्र रकमान्तर गर्नु हुनेछैन।

३८. सम्बन्धित निकायबाट तलबी प्रतिवेदन पारित गराएर मात्र तलब, भत्ता बापतको रकम भुक्तानी गर्नु हुनेछ।

३९. स्वीकृत दरबन्दी तथा बजेटको परिधिभित्र रहेर मात्र सेवा करार व्यवस्थापन गर्नुहुनेछ। सेवा करारमा कार्यरत व्यक्तिहरुको करार सेवा शुल्क, खर्च शीर्षक नं. २२४१३ बाट मात्र खर्च लेख्नुहुनेछ।

४०. राजस्व, खर्च, कार्य सञ्चालन कोष तथा अन्य कोष, सम्पत्ति तथा दायित्व र धरौटीको लेखा राख्दा महालेखा नियन्त्रक कार्यालय, प्रदेश लेखा नियन्त्रक कार्यालयले तोकेको विद्युतिय सूचना प्रणालीबाट राख्ने र प्रतिवेदन गर्ने व्यवस्था मिलाउनु हुनेछ ।

४१. कार्यालय सहयोगी तथा सवारी चालकको पदमा बाहेक अस्थायी, ज्यालादारी वा करारमा थप आर्थिक दायित्व पर्नेगरी नयाँ नियुक्ति गर्नु हुने छैन । कार्यक्रम खर्च शीर्षकबाट खर्च गर्ने गरी करारमा कर्मचारी

सम्पर्क फोन नं. : ०९१-५२०१०७
: ०९१-५२५२४५
website : moeap.p7.gov.np
email: moeap7@gmail.com

पत्र संख्या : २०७८/७९
चलानी नं.: १

राख्नु हुने छैन । करारमा राख्न सकिने पदको स्थायी दरबन्दी रिक्त भएको अवस्थामा फाजिलमा रहेका कर्मचारीबाट पदपूर्ति गर्न मूख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा लेखी पठाउनु हुनेछ । फाजिलमा रहेको कर्मचारीबाट समेत पदपूर्ति हुन नसकेमा करारमा लिनु अघी आर्थिक मामिला मन्त्रालयको सहमति लिनु हुनेछ ।

४२. पानी, बिजुली, सञ्चार महशुल, घरभाडा, इन्धन, मर्मत खर्चहरु, मसलन्द तथा कार्यालय सामाग्री खर्च, भत्ता, तालिम, गोष्ठी, सेवा शुल्क, भ्रमण खर्च लगायतका प्रशासनिक खर्चमा अधिकतम रुपमा मितव्ययिता अपनाई खर्च गर्नु हुनेछ ।

४३. सरकारी खर्चमा सभा, सम्मेलन, गोष्ठी, सेमिनार, अन्तरक्रिया जस्ता कार्यक्रम सञ्चालन गर्दा सरकारी निकायकै सभाहल प्रयोग गर्ने व्यवस्था मिलाउनु हुनेछ । सम्बन्धित संस्था वा सरकारी सभाहल उपलब्ध हुन नसक्ने अवस्थामा अधिकतम मितव्ययी हुने प्रकारले कार्यक्रम आयोजना गर्नु हुनेछ ।

४४. अत्यावश्यक अवस्थामा बाहेक नयाँ फर्निचर तथा कार्यालय सजावटका सामानहरु खरिद नगरी भएकोलाई नै मर्मत सम्भार गरी प्रयोग गर्नु हुनेछ । नयाँ/थप खरिद सम्बन्धी प्रस्ताव पेश गर्दा पुरानो तथा काम दिन नसक्ने अवस्थामा पुगेका फर्निचरहरुको लिलाम अनिवार्य रुपले गर्नु हुनेछ । नयाँ स्थापना हुने कार्यालय बाहेक साविकको कार्यालयको लागि थप फर्निचर तथा फिक्चर्स, एयर कन्डिसनर, कम्प्युटर, ल्यापटप, प्रिन्टर खरिद गर्दा आवश्यकता र औचित्यतताको आधारमा मात्रै गर्नु हुनेछ ।

४५. सरकारी कार्यालयहरुले सकेसम्म खालि भएका सरकारी भवनको प्रयोग गर्न प्राथमिकता दिनु पर्नेछ । त्यस्तो हुन नसकेमा व्यापारिक क्षेत्र र प्रमुख मार्गमा घर बहालमा नलिने र न्यूनतम आवश्यकता र सुविधा भएको घर बहालमा लिनु पर्नेछ ।

४६. विभिन्न निकायमा रहेका जनशक्तिको अधिकतम उपयोग गर्नु पर्नेमा सो नगरी बाह्य निकाय/संस्था/ व्यक्तिबाट परामर्शदाता नियुक्त गरी कार्यसम्पादन गराउने प्रवृत्तिलाई निरुत्साहित गर्नु हुनेछ ।

४७. स्वीकृत बजेट र कार्यक्रममा समावेश भएकोभन्दा बाहेक थप आर्थिक दायित्व सिर्जना हुने विषयमा निर्णय गर्दा वा प्रदेश सरकार मन्त्रिपरिषद्मा प्रस्ताव पेश गर्दा अनिवार्य रुपमा आर्थिक मामिला मन्त्रालयको पूर्व सहमति लिएर मात्र गर्नु पर्नेछ ।

४८. विभिन्न प्रकारका भुक्तानी गर्दा आयकर ऐन, २०५८ तथा आयकर नियमावली, २०५९ बमोजिम अनिवार्य रुपमा अग्रिम कर कट्टी गर्ने व्यवस्था मिलाउनु हुनेछ। साथै तलब, भत्ता, बैठक भत्ता लगायतका भुक्तानिमा अनिवार्य रुपमा स्थायी लेखा नम्बर/ व्यक्तिगत स्थायी लेखा नम्बर उल्लेख गरेर मात्र भुक्तानी गर्नु हुनेछ।

४९. ठेक्का सम्झौता वा करार अन्तर्गत आपूर्ति हुने वस्तु तथा सेवा वा वस्तु वा सेवा वापतको रकम सम्बन्धित ठेकेदार वा आपूर्तिकर्तालाई भुक्तानी गर्दा निजलाई भुक्तानी गर्ने मूल्य अभिवृद्धि कर रकमको ३० प्रतिशतले हुन आउने रकम निजको नामबाट सम्बन्धित राजस्व शीर्षकमा जम्मा गर्ने व्यवस्था मिलाउनु हुनेछ।

**(ङ) वित्तीय पारदर्शिता, जवाफदेहिता र अनुगमन सम्बन्धी व्यवस्था:**

५०. कार्यक्रम कार्यान्वयन गर्दा आर्थिक अनुशासन, गुणस्तर, लागत प्रभावी, मितव्ययी भई प्रचलित कानून बमोजिम कार्यान्वयन गर्नु गराउनु हुनेछ।

प्रदेश सरकार
सुदूरपश्चिम प्रदेश
# आर्थिक मामिला मन्त्रालय
धनगढी, कैलाली, नेपाल

सम्पर्क फोन नं. : ०९१-५२०१०७
: ०९१-५२५२४५
*website : moeap.p7.gov.np*
*email: moeap7@gmail.com*

पत्र संख्या : २०७८/७९
चलानी नं. : १

५१. विस्तृत क्रियाकलाप, सम्पन्न गर्नुपर्ने अवधि र लागत, उपलब्धि सूचक र जिम्मेवार कर्मचारी सहितको कार्यक्रम कार्यान्वयन कार्ययोजना सम्वत् २०७८ साल श्रावण मसान्तभित्र तयार गरी सार्वजनिक गर्नु हुनेछ साथै सोको जानकारी यस मन्त्रालयलाई समेत दिनु हुनेछ ।

५२. तहाँको खर्चको विवरण मासिक रूपमा प्रकाशन वा सार्वजनिकरण गर्ने व्यवस्था मिलाउनु हुनेछ। साथै आर्थिक वर्ष २०७८/७९ को बजेट वक्तव्यमा उल्लिखित भए बमोजिम खुला तथ्याङ्क (Open Data) को अवधारणालाई कार्यान्वयन गर्नु हुनेछ ।

५३. कार्यक्रमहरुको कार्यान्वयनको प्रगति समीक्षा माननीय आर्थिक मामिला मन्त्रीको अध्यक्षतामा प्रत्येक २/२ महिनामा गरिनेछ। कार्यक्रमहरुको प्रगति विवरण प्रत्येक महिना समाप्त भएको ७ (सात) दिनभित्र यस मन्त्रालयमा अनिवार्य रुपमा पठाउने व्यवस्था मिलाउनु हुनेछ।

५४. बजेट कार्यान्वयनको नियमित अनुगमन तथा समीक्षा गरी क्षेत्रगत उपलब्धि सूचक सहितको प्रगति विवरण, काम सम्पन्न हुन नसकेमा आइपरेका समस्या र कारणहरू उल्लेख गरी आवश्यक सहजीकरणको लागि समयमा नै प्रदेश नीति तथा योजना आयोग र यस मन्त्रालयमा पठाउने व्यवस्था मिलाउनु हुनेछ।

५५. सरकारी खर्चको दायित्व यकिन गर्नको लागि प्रतिवद्ध खर्चको अभिलेख राख्ने व्यवस्था गर्नुहुनेछ। सोको जानकारी यस मन्त्रालय र प्रदेश लेखा नियन्त्रक कार्यालयमा समेत प्रतिवेदन गर्ने व्यवस्था गर्नु हुनेछ। यस सम्बन्धी थप व्यवस्था प्रदेश लेखा नियन्त्रक कार्यालयले मिलाउने छ।

५६. आर्थिक वर्ष २०७८/७९ देखि क्षतिपूर्ति सहितको नागरिक बडापत्रको अवधारणालाई अनिवार्य रुपमा कार्यान्वयन गर्नु हुनेछ ।

(च) विविध :

५७. सम्वत् २०७८ साल श्रावण १ गतेदेखि लागु भएको प्रदेश विशेष प्रोत्साहन भत्ता बजेटमा जिल्ला अनुरुप विनियोजन गरिएको व्यहोरा अवगत नै छ । उक्त भत्ता प्रदेश संचित कोषबाट व्यय भार हुने गरी प्रदेशमा कार्यरत राष्ट्रसेवकहरुको लागि मात्र भएकोले सोही अनुरुप गर्नु/गराउनु हुनेछ ।

५८. प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्त्व ऐन, २०७४ को दफा १८ तथा प्रदेश आर्थिक कार्यविधि नियमावली, २०७६ को नियम ४० बमोजिम यस मन्त्रालयले विनियोजित रकममा आवश्यकता अनुसार पूर्ण वा आँशिक रुपमा बजेट रोक्का वा नियन्त्रण गर्न र समर्पण गराउन सक्ने व्यवस्था रहेको समेत अवगत गराउन चाहन्छु ।

५९. आर्थिक वर्ष २०७८/७९ को प्रदेश बजेट, नीति तथा कार्यक्रम कार्यान्वयनमा कुनै द्विविधा उत्पन्न भएमा यस मन्त्रालयलाई जानकारी दिई निकासा भए बमोजिम गर्नु हुनेछ ।

६०. तहाँ मन्त्रालयबाट हुने अनुदान वितरण लगायतका कार्यहरु सम्पादन गर्दा प्रचलित कानूनको अधिनमा रही आवश्यक कार्यविधि र मापदण्ड तर्जुमा गरेर मात्र नियमानुसार जे गर्नु पर्ने हो सो सम्पादन हुने नै छ। अनुदान वितरण सम्बन्धी आवश्यक कार्यविधि तथा मापदण्डहरु तर्जुमा गरी कार्यान्वयन गर्दा अनिवार्य रुपमा यस मन्त्रालयको सहमति लिनु नै हुनेछ। संघीय आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र यसको आधारमा तर्जुमा भएको प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन तथा नियमावली, सुशासन व्यवस्थापन तथा सञ्चालन ऐन एवम् सूचनाको हक सम्बन्धी ऐनमा उल्लिखित भएका विषयहरु प्रतिकूल नहुने गरी कार्यान्वयन गर्ने जिम्मेवारी कानूनतः वहन गर्नु नै

प्रदेश सरकार
सुदूरपश्चिम प्रदेश
# आर्थिक मामिला मन्त्रालय
धनगढी, कैलाली, नेपाल

सम्पर्क फोन नं. : ०९१-५२०१०७
: ०९१-५२५२४५
website : moeap.p7.gov.np
email: moeap7@gmail.com

पत्र संख्या : २०७८/७९
चलानी नं.: १

हुनेछ। खर्च सम्बन्धी कार्यहरु सम्पादन गर्दा गराउँदा अधिकतम् पारदर्शिता अवलम्बन गर्दै वित्तीय उत्तरदायित्व मार्फत वित्तीय अनुशासन कायम गर्ने तर्फ यहाँको सम्पूर्ण प्रयास केन्द्रित हुने नै छ। संघीय कानून र यस बमोजिम बनेका प्रदेश कानून बाझिएको अवस्थामा विद्यमान रहेका संघीय कानून बमोजिम कार्यान्वयन हुन ध्यानाकर्षण गराउदछु। संघीय कानून तथा प्रदेश कानून प्रतिकूल नहुने गरी मापदण्ड, कार्यविधि, निर्देशिका जे तर्जुमा गर्नु पर्ने हो सो गर्नु नै हुनेछ भन्ने विश्वास लिएको छु। आयोजना वा कार्यक्रम कार्यान्वयन गर्दा प्रचलित कानूनमा उल्लेख भएका पारदर्शिता तथा वित्तीय उत्तरदायित्व सुनिश्चित गर्ने व्यवस्थाहरुको परिपालना गर्ने गराउने तथा उपलब्धिहरुको लेखाजोखा गर्न अनुगमन तथा मूल्याङ्कन जस्ता विषयलाई प्राथमिकताका साथ कार्यान्वयन गर्ने गराउने कार्यहरु सहित समग्र वित्तीय सुशासन कायम गर्न यहाँको भूमिका महत्वपूर्ण हुने विश्वास लिएको छु ।

श्री सचिव, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सुदूरपश्चिम प्रदेश, धनगढी, कैलाली ।
श्री सचिव, आन्तरिक मामिला तथा कानून मन्त्रालय, सुदूरपश्चिम प्रदेश, धनगढी, कैलाली।
श्री सचिव, उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय, सुदूरपश्चिम प्रदेश, धनगढी, कैलाली।
श्री सचिव, भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय, सुदूरपश्चिम प्रदेश, धनगढी, कैलाली।
श्री सचिव, भौतिक पूर्वाधार विकास मन्त्रालय, सुदूरपश्चिम प्रदेश, धनगढी, कैलाली।
श्री सचिव, सामाजिक विकास मन्त्रालय, सुदूरपश्चिम प्रदेश, धनगढी, कैलाली।
श्री सचिव, प्रदेश सभा सचिवालय, सुदूरपश्चिम प्रदेश, धनगढी, कैलाली।
श्री सचिव, प्रदेश नीति तथा योजना आयोग, सुदूरपश्चिम प्रदेश, धनगढी, कैलाली।
श्री सचिव, प्रदेश लोकसेवा आयोग, सुदूरपश्चिम प्रदेश, धनगढी, कैलाली।
श्री प्रदेश लेखा नियन्त्रक, प्रदेश लेखा नियन्त्रकको कार्यालय, सुदूरपश्चिम प्रदेश, धनगढी, कैलाली।

**संलग्न:**

(क) आ.व. २०७८/७९ को व्यय अनुमान (खर्च शीर्षकगत र स्रोतगत समेत) - १ प्रति
(ख) बजेट वक्तव्य - १ प्रति
(ग) वार्षिक विकास कार्यक्रम - १ प्रति
(घ) विनियोजन ऐन, २०७८ - १ प्रति
(ङ) आर्थिक ऐन, २०७८ - १ प्रति

..............................
झलकराम अधिकारी
(प्रदेश सचिव)

**बोधार्थ:**

श्री महालेखा परीक्षकको कार्यालय, बबरमहल, काठमाण्डौं।
श्री अर्थ मन्त्रालय, सिंहदरबार, काठमाण्डौं।
श्री मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सुदूरपश्चिम प्रदेश, कैलाली।
श्री महालेखा नियन्त्रक कार्यालय, अनामनगर, काठमाण्डौं।
श्री आर्थिक मामिला मन्त्रालय, सुदूरपश्चिम प्रदेश, कैलाली।
श्रीमान् प्रमुख सचिवज्यू, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सुदूरपश्चिम प्रदेश, कैलाली।— सादर अवगतार्थ।
श्री प्रदेश लेखा नियन्त्रक कार्यालय, सुदूरपश्चिम प्रदेश, कैलाली।